मातृजातिको निर्यात रोक्न र उनीहरूको मानमर्यादाको संरक्षण गर्न साँस्कृतिक संघर्षको आवश्यकता ।

— पूर्णप्रसाद ब्राह्मण

हाम्रा मातृजाति (नेपाली चेलीहरू) केही वर्षयता किन यसरी विदेशिइरहेका छन्, उनीहरूको सनातन मानमर्यादा एवं प्रतिष्ठा कुन हेतुबाट समाप्त हुन लागिरहेको छ र उनीहरूको त्यो दुरवस्थालाई रोक्न हाम्रो आजको कर्तव्य के हुनुपर्छ ? यससम्बन्धमा यो लेख प्रकाशित गरिएको छ ।

विवाह शब्दको अर्थ (वहनं वाहः विशिष्टो वाहो विवाहः) विशेष दायित्वको वहन हो । वधू वर दुवैले क्रमशः पारिवारिक सामाजिक, धार्मिक, राजनीतिक सबै किसिमको दायित्ववहन गर्ने अवस्था र स्थितिको श्री गणेश गरिदिने कर्मविशेष भएकोले त्यसलाई विवाह भन्ने गरिएको हो ।

विश्वका साधारण जनसमुदायहरूले पशुपक्षीसरह विवाहलाई केवल इन्द्रियतृप्ति र भोगको साधन जुटाउने कर्मविशेष मात्र मान्ने गरेका छन् । त्यसलाई संस्कारको रूपमा कसैले पनि मानेका छैनन् । तर साधारण स्नान, भक्षण, शयन जस्ता क्रियाहरूमा समेत धार्मिक आध्यात्मिक भावना राख्ने हाम्रो संस्कृतिले चाहिं विवाहलाई यस्तो सामान्य धारणाले हेर्नु त परै जाओस्, व्यावहारिक दृष्टिले

पारिवारिक, सामाजिक प्रयोजनको रूपमा हेर्नुका साथै धार्मिक र आध्यात्मिक दृष्टिले पनि हेरेको छ र गर्भाधानदेखि अन्त्येष्टिसम्मका प्रमुख सोह्र संस्कारहरूमध्ये महत्वपूर्ण एकतम संस्कारको रूपमा (विवाहलाई) मानेकोछ ।

समयमा कुनै बटु (केटो)का उपनयनसंस्कार र कन्याको विवाहसंस्कार हुन सकेनभने हाम्रो समाजले ज्यादै नराम्रो मान्दछ । त्यसरी कर्म नचलेका स्त्री वा पुरुषको देहान्त भएमा विधिवत् अन्त्येष्टि (क्रियाकाण्ड) गर्न नहुने, नपर्ने धर्मशास्त्रीय विधान छ । त्यसरी क्रियाकाण्ड नगरिने हुनुलाई अर्थात् त्यो गतिमा पुग्नुलाई समाजले ज्यादै नराम्रो मान्दछ । अतः हाम्रो जीवनमा विवाहको सांस्कृतिक महत्व कति रहेछ, यो भनिरहनुपरेन । यसैले हाम्रो सांस्कृतिक भावनासंग मेल नखाने, विश्वका साधारण मानवसमुदायको भावनाभन्दा धेरै माथि उठेर हाम्रो समाजले विवाहका तीन पवित्र लक्ष्य मानेको छ ।

पहिलो लक्ष्य—स्त्री वा पुरुष दुवैले संयुक्त रूपमा आफ्ना अनियन्त्रित पाशविक भोगप्रवृत्तिलाई नियन्त्रित मर्यादित तुल्याएर परस्परको शारीरिक बौद्धिक उन्नति गर्नु । कुनै पनि ठूलो यज्ञयागादि कर्म सपत्नीक भएर गर्नु भन्ने धर्मशास्त्रको विधान भएकोले नै संयुक्त हुनुपर्ने आवश्यकता ल्याएको हो । त्यसैले रामले सीतात्याग गरे पनि अश्वमेध यज्ञको विधि संपन्न गर्न सीताकै प्रतिकृति (स्टाचु) साथमा राखेर भए पनि सपत्नीक हुनुपरेको थियो ।

दोस्रो लक्ष्य —"प्रजातन्तुं मा व्यवच्छेत्सीः" यो श्रौत आज्ञानु-

सार आफ्नो कुलवंश धान्नको लागि सर्वगुणसम्पन्न सन्तानको उत्पादन गर्नु ।

तेस्रो लक्ष्य—सृष्टिको प्रारम्भदेखि अविरल चलेको स्त्रीधारा र पुरुषधाराको परस्पर सामञ्जस्यद्वारा पारिवारिक, सामाजिक एवं राष्ट्रिय जीवनमा समेत सुस्थिति र सुव्यवस्था कायम गर्नु । वधू र वरले विवाहसंस्कारमा "राष्ट्रभृत् ...." मन्त्रद्वारा दश आहुतिप्रदान गर्नुपर्ने जो विधि छ, त्यसको तात्पर्य राष्ट्रप्रति स्मृति र राष्ट्रिय भावनाको जागरण नै हो। यस प्रकारले हाम्रो वैवाहिक लक्ष्य राष्ट्रिय स्तरसम्मको हुन पुगेको छ ।

जब यी लक्ष्य पूरा गर्नु छ —ब्राह्म, प्राजापत्य, आर्ष, दैव, आसुर, गान्धर्व, राक्षस, पैशाच — शास्त्रवर्गीकृत विवाहका यी आठ पद्धतिहरूमध्ये कन्याका अभिभावकवर्गलाई धनसम्पत्तिप्रदानद्वारा स्तम्भित गराएर कन्यालाई विवाह गर्ने आसुर विवाह, वधूवरको पारस्परिक अनुरागद्वारा गरिने विवाह गान्धर्व विवाह, कन्यापक्षलाई मारकाट गरेर 'मलाई बचाओ ! भनेर गुहार माग्दा माग्दैको कन्यालाई अपहरण गरेर गरिने विवाह राक्षस विवाह र कन्यालाई कुनै मादक द्रव्यद्वारा बेहोश तुल्याएर, अनुचित संबन्ध गरेर, कन्यालाई बलात् भित्र्याइने विवाह पैशाच विवाह यी—चार प्रकारका शास्त्रनिन्दित वैवाहिक पद्धति, —जसको परिणाम अनुशासित, उच्छृङ्खल, अशिष्ट, असभ्य सन्तान उत्पन्न हुन्छन् भनेर शास्त्रले भनेको छ — बाट त विवाहको उपर्युक्त महान् लक्ष्यहरूको पूर्ति असंभवै मानिएको छ । बाँकी चार प्रकारका वैवाहिक पद्धतिमध्ये विधिवत् संपादित जुनसुकै पद्धतिबाट पनि (यद्यपि आजकल परस्परमा सूक्ष्म भेद भएका ब्राह्म र प्राजा-

पत्य विवाहकै मात्र प्रचलन छ) उपर्युक्त विवाहको लक्ष्यपूर्ति हुनुका साथै अनुशासित, संयत, शिष्ट, सभ्य सन्तान उत्पन्न हुन्छन् भनेर शास्त्रले लेखेको छ । वरमा विराट् पुरुषको र वधूमा लक्ष्मीको भावना राखेर, तिनबाट जन्मने सन्तानबाट गएका र आउने पच्चीस पुस्ताको उद्धारको आशा राखेर यही किसिमको संकल्पका साथ गरिने कन्यादानको भावनात्मक दृष्टिले पनि महिमा, गरिमा, आदर्श वैशिष्ट्य असाधारण मानिने हुनाले त्यस विधि र त्यस भावनाबाट गरिएको विवाहबाट, जबसम्म हाम्रो मृत्युञ्जय संस्कृति छ, उपर्युक्त (वैवाहिक) लक्ष्यपूर्तिका साथै सर्वगुणसम्पन्न सन्तान, अर्थात राष्ट्रयोग्य नागरिकहरू जन्मन्छन् भै भन्ने कुरामा हामी विश्वास राख्तै आएका छौं र राख्नेछौं पनि ।

तर विवाहको उपर्युक्त पवित्र आदर्श साकार हुन वर र वधूमा पनि पात्रता अनिवार्यतया हुनैपर्छ । अन्यथा ती नौ दृष्ट, अदृष्ट फल प्राप्तिको आशा र आकांक्षा राख्नु व्यर्थ नै हुन्छ । अत: समाजमा (१) आफ्नै वैवाहिक आदर्शलाई विकृत र हानिकारक बन्न नदिन, (२) बक्सनाण प्रकारबाट मातृजातिको सदासंभावित निर्यात रोक्न र (३) मातृजातिको सनातन मानमर्यादा एवं प्रतिष्ठाको संरक्षण गर्न जोडतोडका साथ तीन कार्यक्रमसंचालनको लागि म केन्द्रीय महिलासंगठन र केन्द्रीय युवकसंगठनको ध्यान आकर्षित गर्दछु ।

(१) पहिलो कार्यक्रम:- नौ दश वर्षको उमेरमा विवाह

गरिदिने पुरानो प्रथा तोडेर विवाहको निम्ति स्त्रीजातिको उमेर (आमाबाबुको अनुमति भए) सोह्र वर्ष पुगेको हुनुपर्छ भनेर ऐनले तोक्यो । बालविवाहको परिणाम पनि समाजले भोगिसकेको हुनाले जो उमेर तोकिएको छ त्यो ठीक छ। यसमा कुनै विरोध छैन। तर पुरानो प्रथा तोडिइहाल्यो भनेर अभिभावकहरूले पनि आफ्नो स्थिति विचार गरेर बीस बाईस वर्षको उमेरसम्म पनि छोरीको विवाह नगरिदिने आजकल जो चलन आएको छ, त्यसमा भने मेरो सोह्रै आना विरोध छ । व्यक्तिले यस्तो गरे के भन्ने ? व्यक्ति व्यक्तिकै समाज भएकोले अब समाजले पनि यस कुराको निन्दा चर्चा गर्न छोड्यो । "अब त कसैले घरको स्थिति मिले गर्छि' कसैले 'एस. एल. सि. पास भएपछि' कसैले 'बी. ए. पास भएपछि' विवाह गरि दिउँला भनेर भाका राख्न थाले । जुनसुकै कारणबाट विलम्ब भएतापनि त्यसबारे कसैबाट कुनै प्रतिक्रिया समाजमा नहुने सामाजिक परिपाटी बस्न थाल्यो। यसको परिणाम अपठित कन्याहरूका साथै स्कूल, क्याम्पसका कन्याहरू पनि उमेर बढिसकेकोले एकदम अनुहारमा बर्षेलिएजस्ता देखिन थाले । मुखमा कुमारीत्वको श्री हराउन थाल्यो । त्यस स्थितिले कन्याहरूमा निर्लज्जता, अभिभावकहरूसंग पनि बहस गर्ने धृष्टता र चिडचिडापन ल्याइदियो । अर्थात गूढ उद्विग्न कामपिपासाको कारण त्यस विद्रोही अन्तश्चेतनाले उनीहरूमा काम गर्न थाल्यो, जसले गर्दा हजारौं नेपाली कन्याहरूमा यौवनको आवेशमा कसैको थोरै आँड पाए पनि विदेश पस्ने आँट आउन थाल्यो ।

यसरी ती कन्याहरूलाई यो दु:खाहरूको स्थितिमा पुर्‍याउने दु:श्रेय छोरीहरूको विवाह गर्न बिलम्बाति बिलम्ब गर्ने अभिभावकहरूलाई नै छ । विचरा कन्याहरूको कुनै दोष छैन । यस्तै पर्ला भनेर भविष्य-दर्शी हाम्रा पूज्य ऋषिमहर्षिहरूले कथंकदाचित मर्म नबुझ्ने अभिभावकहरूले सोह्र वर्ष पुगिसक्दा पनि कन्याको विवाह गरिदिएनन् भने ती कन्याले आफ्नै तर्फबाट कन्यादान गर्ने कुनै व्यक्तिको प्रबन्ध मिलाईकन आफुयोग्य बर आफैं खोजेर भए पनि आफ्नो विवाह सम्पन्न गर्नू भनेर एक विशेष नियम पनि बनाइदिएका छन् ।

ती पूज्य ऋषिहरूले स्त्रीहरूको सोह्र वर्षको उमेरलाई विवाहको निम्ति हदमाथिको सम्झनुको तात्पर्य यो हो कि रजस्वला भएपछि स्त्रीहरूमा मन्द मन्द तर उत्तरोत्तर कामभावनाको संचार हुन थाल्दछ । बाह्र तेह्र वर्षको उमेरमा बच्चा जन्माएका कति स्त्रीहरू हाम्रा समाजमा देखिइरहेका छन् । अतः ऐनको समय भन्दा पनि विलम्ब गरेर कन्याहरूको विवाह गरिदिने प्रथा बसाल्न थाल्यौं भने त्यो हाम्रो निम्ति ज्यादै ठूलो सांस्कृतिक व्यतिक्रम र अस-मीक्ष्यकारिता हुनेछ । हाम्रो समाजमा रजोदर्शनभन्दा अगाडि नै कन्याहरूको विवाह गरिदिने प्रथा थियो । त्यसको खास तात्पर्य निम्नलिखित दुइटा थिए–

पहिलो तात्पर्य — छिमेकी देश भारतमा विधर्मीहरूको शासनसत्ता हुँदा परस्त्रीहरण गरेमा मात्र दण्ड भोग्नुपर्ने कानुनी व्यवस्था भएकोले र यत्र तत्र कन्या केटीहरूको अपहरण पनि भइरहने

गरेकोले त्यस कुसंभावनाहरूबाट कन्याहरूलाई बचाउन हिन्दूसमाजमा रजोदर्शन अगाडि नै विवाह गरिदिनने प्रथा चलाउनुपरेको थियो ।

दोश्रो तात्पर्य— त्यसरी रजोदर्शनभन्दा अगाडि नै विवाहित प्रायः समवयस्क ती कन्याहरू र बटुहरूको कलिलै उमेरदेखि कामवासनापूर्ति हुन थाल्ने हुँदा खास यौवनमा पुग्दा पनि त्यस्तो प्रवल कामवासना उनीहरूमा आउन नदिने यस प्रथाले समाजमा अनैतिक व्यभिचार अनाचारमूलक घटनाहरूको संख्या ज्यादै कम गरिदिने हुन्छ र जो सदा वाञ्छनीय छ ।

यसरी आँखा खोलेर, निहारेर, केलाएर विश्लेषण गर्ने हो भने वर्षेनी हाम्रा दशौं हजार कन्याहरूको विदेशप्रवेशको एकतम कारण यही पुरानो प्रथा बन्द हुनु हो । यो प्रथालाई बन्द गरेर अर्थात कन्याहरूलाई बीस बाईस बर्षको उमेरसम्म पनि विवाह नगरिदिएर नीच मार्ने प्रचलनबाट हामी आफनो निम्नलिखित दुइटा सांस्कृतिक दुर्बलतालाई बिज्ञापन गरिरहेका छौं ।

पहिलो सांस्कृतिक दुर्बलता — हामीले बिर्सनै नहुने आफनो वैवाहिक पवित्र आदर्शको महत्वलाई नै बिर्सिदियौं । जसको फलस्वरूप आफना कन्याहरूलाई विवाहसमयसम्म ब्राह्म वा प्राजापत्य बिवाहको निमित्त योग्य पात्र नै बनाइराख्न सकेनौं ।

दोश्रो सांस्कृतिक दुर्बलता — हामी पनि विश्वका अरू साधारण मानव समुदाय पशुपंक्षी) सरह बिवाहलाई इन्द्रियतृप्ति र भोगको साधन मात्र ठान्ने साधारण भौतिक दृष्टिका जन्तु बन्यौं र हामी

अध्यात्मवादी हौं र आफ्नो सर्वातिशायी मृत्युञ्जय संस्कृति-अनुसार आदर्श समाजव्यवस्था निर्माण गर्ने परम्पराका उत्तराधिकारी हौं भनेर हामीमाथि सर्व श्री रोम्या रोलां, मेगेस्थनिज, ह्वेन साङ्ग मैक्समूलर, याकूबी आदि विश्वप्रसिद्ध विदेशी पर्यवेक्षक र विद्वान्हरूबाट व्यक्त गरिएको आस्था र श्रद्धालाई हामीले आफ्नै कामले आफ्नै अयोग्यताले भ्रान्त धारणा हो भनेर प्रमाणित गरिदियौं। यसो भनेर मैंले बहत्तर महीना काटेपछि भइहाल्ने पुरानो बालविवाहप्रथाको पुनरावृत्ति हुनुपर्दछ भनेको होइन, द्रौपदी, सीता, रूक्मिणी, दमयन्तीहरू पनि उनीहरूको विवाहसमयमा आफ्नो वर आफ्नै किसिमबाट छान्न सक्ने उमेरका भइसकेका थिए भन्ने कुरालाई पुराणहरूले पनि प्रमाणित गरेका छन् यो नदेखेको पनि होइन। तर यसो हो त पनि कुनै पनि व्यवस्था समय र परिस्थिति हेरेर चलाइएको हुन्छ भन्ने कुरालाई कसैले पनि बिर्सन हुन्न । अतः अघि के गरिएको थियो भन्नुभन्दा आज के गर्नुपर्‍यो ? यो सोच्नुपर्‍यो ।

किनभने – केही वर्षअगाडि हाम्रो देशमा पुरुषको भन्दा महिलाको संख्या बढी थियो, जन्मसंख्या हेर्दा पनि बढी नै छ । तर यो पछिल्लो जनसंख्याको रिपोर्ट हेर्दा पुरुषको भन्दा महिलाको संख्या घटेको पाइयो । यसरी घट्नुमा कुनै आश्चर्य छैन । किनकि हाम्रो देशबाट हाम्रा पूज्य मातृजातिको निर्यात जोडतोडका साथ चल्दैछ र यसरी आफ्ना मातृजातिको संख्या देशमा घट्तै जानु हामी जस्ता राष्ट्रवादीहरूको लागि ज्यादै दु:ख दायक र शोचनीय कुरा हो । यस्तो हुनुमा कति कारण अरु पनि होलान्, तर पनि एक प्रमुख कारण त विलम्बसंग कन्याहरूको विवाह गरिदिने उपर्युक्त नयाँ प्रचलन

मैं हो भन्न म कत्ति पनि हिचकिचाउन्न । जसले गर्दा माथि भनेअनुसार निर्लज्ज, धृष्ट र स्वतन्त्रचेता भइसकेका ती कन्याहरूले अनुशासन, संयम र धैर्यलाई आफुमा कायम गर्न सकेनन् । जसको परिणाम यौवनको आवेशमा कति कन्याहरू आफै घुरिएर, कति अरूबाट भड्किएर बिदेशमा पुग्न थाले । वर्षको दशौं हजार नेपाली कन्या बिदेशमा पुगेर, राष्ट्रको इज्जत फालेर, अमर्यादित भएर बसेको व्यापक कुचर्चा छँदै छ ।

त्यति किन ? एउटी मात्र केटीले बिदेशमा पुगेर घरबार गर्न थालिछभने त्यसले निम्नलिखित प्रक्रियाबाट करीव अरू सयऔटी नेपाली केटीहरू-लाई पनि (विदेशतिर) तान्न थाल्दछे । त्यो प्रक्रिया के छभने— उसको लोग्ने त विदेशी नै भइहाल्यो । आफ्नो लोग्नेको नाताकुटुम्ब, इष्ट-मित्र नै त्यस नेपाली केटीका पनि नाताकुटुम्ब र इष्टमित्र हुने नै भए । त्यो नेपाली केटी यहाँ जस्ती जचेकी भए तापनि त्यहाँको निम्ति परम सुन्दरी जंचेकी हुन्छे । त्यसलाई देख्ता र त्यहाँ उसका नातासम्बन्धी केटाहरूको विवाहको कुरा चल्दा सर्वप्रथम मिलेसम्म नेपाली केटीकै चर्चा खोजी र चाह हुने नै भयो । बिदेशीहरूको बीचमा आफू एक्ली भएर बस्नुपरेकोले सदाको लागि त्यास्तो भेट्न नेपाली महिलाहरूको त्यहाँ जमात बढाउने गुप्त आकाँक्षा राखेर त्यो नेपाली केटी अघि सरेर यथाशक्य नेपाली केटी ओसार्ने प्रयास गर्ने नै भई । अनि त कति कुराको संजोग भयो भने केटीहरूको अनुहारमा आकर्षण छ । विदेशीहरूसंग चाह छ, पैसा छ । नेपालीसंग सम्बन्ध मिलाइदिने त्यही विदेशिएको

नेपाली केटी भइहाली ! के कुराले छेक्यो र अब ! यी सबै अनुकूल संयोगहरूले गर्दा हाम्रो देशका मातृजातिको निर्यात दिन दोब्बर, रात चोबर बढ्दो छ । यसको परिणाम निकट भविष्य नै यो रूपको देखा पर्नेछ— कुनै दिन नेपाली युवकहरू "विवाहेच्छु भए पनि यदि गरीब छन् भने, तिनको भागमा हिमाली सौन्दर्य लावण्य भएका नेपाली केटीहरू पर्न आउनेछैनन् र राष्ट्रिय दृष्टिकोणले हेर्दा नेपाली जातिको सांच्चै अन्तको श्रीगणेश पनि त्यसै वेलादेखि हुनेछ ।"

अत: संगठनहरूले ऐनले तोकेको समयभन्दा पनि विलम्ब गरेर कन्याहरूको विवाह गर्ने उक्त कुप्रथाको विरुद्ध प्रचार अभियान प्रारंभ गरिहाल्नुपर्दछ, किन कि त्यो नै मातृजातिको निर्यातको मूल कारण हो । ताकि समाजको यसतर्फ राम्रो आँखा खुलोस । किञ्च साथै संगठनले केटीहरूको निर्यात रोक्नको लागि यो व्यवस्था गराउनुपर्दछ– केटीहरू लोग्ने, बाबुआमा वा आफ्ना दाजुभाइसंग विदेश जान सक्छन्, तर थोडा अध्यक्ष र प्रधान पंचको नाता खोलेको सिफारिस हुनुपर्दछ । र केटीहरू फकाएर, भड्काएर निर्यात गर्ने दलाल र त्यसलाई सल्लाह दिने मदद दिने, व्यक्ति लगायतलाई र उपेक्षा गरेर रीतपूर्वक जाँचबूझ नगरी छोडिदिने सीमानाको संबन्धित थाँडाको प्रहरीहरूलाई समेत जन्मकैद र सर्वस्वको सजांय (अहिले कानुनमा जतिहोस) दिने गरी कानून बनाउन लगाउनुपर्दछ ।

(२) दोस्रो कार्यक्रम:— विवाहमा साथै अरू चाडबाडमा पनि ज्यादा खर्च लगाएर तडकभडक देखाउने प्रथालाई निर्मूल गर्न र दाइजोप्रथारूपी सरुवा रोगको संभावित आक्रमणमाथि पूर्वप्रतिबन्ध लगाउन

बोस्रो यो अभियान कार्यक्रम राखिएको हो। यसको उठान यस कारणबाट भएको छ– समाजमा आफ्नो कुनै न कुनै किसिमको प्रतिष्ठा होस भन्ने र जनसाधारण पनि चाहन्छ भने सत् असत् अनेक प्रयासबाट धन कमाएका तथाकथित कर्मचारीहरू र व्यापारीहरूले नचाहने त कुरै भएन। तर उनीहरूको निम्ति त्यो सामाजिक प्रतिष्ठाप्राप्ति को लागि मार्गान्तर उपलब्ध नभएकोले घरखर्चको स्तर बढाएर (आइमाईहरूका गहना कपडाहरूमा) विवाह जस्ता चाडबाडहरूमा (पास्नी व्रतबन्ध आदिमा पनि) खर्चिलो तडकभडक देखाएर उनीहरू जनसाधारण, छिमेकी र आफ्ना इष्टमित्रहरूमा, जतिसक्को धेरैलाई निमन्त्रणा गरेर धाक जमाउन चाहन्छन् र उनीहरू यसैबाट आफ्नो प्रतिष्ठावृद्धि भएको अनुभव गरेर सन्तोष लिन्छन्। वास्तव यसैबाट उनीहरूको निन्दा आलोचना भइरहेको हुन्छ। निमन्त्रणामा खान-पीन गरेर गएपछि घर पुगेर कसैले "खुब कमाएछ" मात्र भन्छन्। कसैले "अस्तिसम्मको बुङ्गो अहिले खुब घूस खाएछ र आफ्नो पुरानो थिति बिर्सेर तडकभडक देखाइरहेको छ भनेर नराम्रोसंग भन्छन्। कसैले छोरीको विवाह रहेछ र २० रुपियांको गोडधुवा हालेको रहेछभने "२० रुपियांको खाएर आइयो" भन्दछन्। बोलाइ हालेपछि कसरी नजाने ? नाता न कुटुम्ब ! बेकार गोडधुवा बोकेर लाम लागेर खान जान कसलाई इच्छा लागेको हुन्छ ? बाहीर हाँसेर नमस्ते गरे पनि भित्र "बेकार दुःख दियो पापरले" भन्ने सबैको मनमा हुन्छ। स्पष्ट सामनेमा कसैले भन्न नमिल्दा आफूप्रति अरुको के प्रतिक्रिया छ कस्तो आलोचना छ भन्ने कुराको उनीहरूलाई ज्ञान हुदैन। उनिहरूलाई त्यो ज्ञात होस नहोस। तर उनीहरूको (चाडबाडहरूमा) यस तडकभडक प्रदर्शनप्रथाको प्रभाव, दुष्प्रभाव हाम्रो सामाजिक

व्यवस्थामा के पर्दछ ? यसतर्फ पो विचार गर्नुपरेको छ ।

एकथरि सामान्य धारणा यस्तो पनि हुन्छ, भइरहेको पनि छ– "सर्वसाधारण जनताको लागि आध्यात्मिक आदर्श, आदर्श सामाजिक व्यवस्था भन्ने कुराहरू टाढा नै हुन्छन् । स्वास्नी, छोराछोरी, नोकरचाकर इत्यादिले खान लगाउन पाएर 'ओहो' भन्दा ठूलै भए भनी ठान्ने व्यक्ति-हरूले नश्वर भौतिक संपत्ति, आनन्द र प्रतिष्ठालाई न जीवनको सारसर्वस्व संझेका हुन्छन् । बिचराहरूले अनेक दुर्नाम र खतरा मोलेर केही कमाए । त्यही कमाइबाट सानो सोचाइ गरेर, इज्जत संझेर चाडबाडमा केही बढता खर्च गरे । कसैको सम्पत्ति खर्च गरिदिएका छैनन । त्यस कारण त्यति सानो कुरालाई लिएर छिद्रान्वेषी भएर तिनीहरूको बेकार के आलोचना गरिरहनु ?" दुई चार लाखकै आर्जनलाई जीवनको सफलता संझने समाजका यस्ता कीरा केही दिन सलबलाउंछन् मर्छन् । यिनको के आलोचना ? यस प्रश्नको उत्तर:—

त्यसो त जुनसुकै क्रिया वा घटनाहरुमा पनि सामान्य वा असामान्य धारणा बनाउन सकिन्छ । कुन धारणालाई प्रश्रय दिंदा समाजको कल्याण हुन्छ, त्यसतर्फ पो विचार पुऱ्याउनुपऱ्यो ! एउटा त्यस्तै सानो दृष्टान्त दिएर म स्पष्ट गर्छु– कसैले घरमा मरेको कुकुर लगेर राति मूल सडकमा फालिदियो । अब त्यो कुहिएर कीरा परेर गनाउन थाल्यो । सडकमा हजारौं हजारौं यात्रीहरू ठूलो तकलीफसंग नाक बन्द गरेर हिड्न बाध्य भए । अब यस घटनालाई लिएर पनि हामी सामान्य असामान्य दुई किसिमका धारणा प्रकट गर्न सक्छौं । पहिलो सामान्य धारणा हो–

घरमा कुकुर मरिहालेछ। बिचरा घरमालिकले के गरोस् । मरेको कुकुरलाई घरको बाकसमा हालेर राखिरहने कुरा भएन । सडकमा लगेर फालिदिएछ । नफाले के गर्ने त ?"।

यही घटनालाई लिएर अर्को असामान्य धारणाले भन्दछ– "यो कुकुर फाल्ने मानिस कति वेजिम्मेदार कति चेतनाशून्य मूढ जनावर हो ? हेर त्यस पामरले गर्दा हजारौं हजारौं मानिसले सडकमा यातना भोग्नुपरेको छ। नाक बन्द गरेर हिड्नुपरेको छ। यसबाट कति प्रकारका रोगका कीटाणुहरूले नजीकका बस्तीहरूमा असर गरेको होला ? यो कुकुर फाल्ने मानिस कति असमीक्ष्यकारी, कति जनजीवनोपेक्षी बोकस रहेछ! मरेको कुकुरलाई कतै लगेर गाडिदिनुपर्थ्यो!"

विवाह (आदि सबै धाडबाड) को निमित्त धेरै खर्चिलो तडकभडक प्रथा अपनाउने व्यक्तिविशेषहरू र यो कुकुर फाल्ने व्यक्ति एकै कोटीका असामाजिक जनावरहरू हुन। फरक दुइमा यत्ति छ कि कुकुर फाल्नेले सम्बन्धित व्यक्तिहरूलाई दश आठ दिन चिन्तित पार्दछभने तथाकथित तडभडक व्यवहारवादीले समाजको पुस्ता नपुस्ता सम्मकालाई चिन्तित पार्दछ। कसरी भने– साधारण मानवहृदय कमजोर नै हुन्छ। समाजमा सुधारको लागि मौलिक विचार, दर्शन राख्ने,विरोध गर्ने,वैचारिक क्रान्ति गर्ने व्यक्तिविशेषहरू कडोरमा एक दुइ हुन्छन। अरु त सब गतानुगतिक र महाजनो येन गतः स पन्था (अर्थात अरुको लहै लहैमा लाग्ने र देखासिकी गर्ने) भन्ने नै हुन्छन्। त्यस कारण आफनो वरपर गाउ घर टोलमा कसैले बडो ठांटबांटसँग तडकभडक देखाएर विवाह आदि केही

गऱ्योभने मानिसहरू त्यस कुपरंपराको विरोध गर्नुको सट्टा –'अनितसंम्म यो कत्रो हो र ? राजपरिवारको होइन, राणाघरानाको होइन, अब पुरानो ठूलोबडो होइन, त्योभन्दा हामी पो के कम ? (जनताको स्वभाव संस्कारैं यस्तै पाइन्छ- पुराना खानदान, धनीमानी शक्तिशाली परिवारहरुले गरेको व्यावहारिक तडकभडकलाई न कसैले आलोचना नै गर्दछ, न अनुकरण नै गर्दछ । न प्रतिस्पर्धा नै ! जनताले तिनीहरूलाई आफ्नो वर्गकै संझेको हुदैन । बराबरसंग पो प्रतिस्पर्धा !) त्यसको जस्तै गरी धाडबाड मनाउन नसके त टोलै, गाउनै छोडेर हिंडे भैगयो नि ।'' यस्तो क्षुद्र भावना लिएर उल्टो प्रतिस्पर्धा गर्न थाल्दछन् । अनि त्यो प्रतिस्पर्धा-लाई कसरी कार्यान्वित गर्ने ? जागिरबाट बिहान बेलुकाको सम गुजारा चल्छ । परीक्षित नर्सिङ राणा जस्ता कैयौं वर्ष सचिव भएका ईमानदार कर्मचारीको आर्थिक स्तर चर्चित नभएको होइन । सामान्य व्यापार मात्र गर्नेको पनि गति देखिएकै छ । अनि त्यसनिति बाटो लिनुपऱ्यो कि घुसको, कि तस्करव्यापारको, कि भिन्नो कुनै अरु घृणित पेशाको। मेरो भनाइको तात्पर्य हो –कतिपय भ्रष्ट तडक भडकवाला असामाजिक व्यक्ति हरुले आफ्ना नाता कुटुम्ब र छिमेकका व्यक्तिहरु, इष्टमित्रहरू सबलाई अनाचार, दुराचार भष्टाचार जे गरेर भएपनि मैले जस्तैगरी धन थुपारेर ठाँटबाटसंग व्यवहार चलाऊ, अरुभन्दा कम नबन '' यही असत् प्रेरणा-मौन भाषामा आफ्नो कामबाट दिइरहेका हुन्छन् । त्यो प्रेरणा सफलपनि भइरहेको हुन्छ । ती सबको घरमा ''के गरेर पैसा थुपार्ने ?'' यही वैचा-रिक आन्दोलन हुन्छ । शिक्षित, अशिक्षित जस्ता होऊन, अविकसित

मस्तिष्कका गृहिणीहरूले र हुर्केका छोराछोरीहरू सबले बिचरा गृहपति-लाई यसै गरी थुङिरहेका हुन्छन्–फलाना फलानाहरूले छोरा वा छोरीको बिवाह (पास्नी,व्रतबन्ध आदि पनि) यसरी गरे। तिनका श्रीमतीहरूले यस्तो सारी यस्तो गहना लगाए। हामीले त तिनीहरूको अगाडि के नाक लिएर उभिने? हामीले त इनारैमा हामफालेर मरे भयो ! इत्यादि इत्यादि । आफना जहान र छोराछोरीको यस्तो अभावजन्य फचकच निभाउन समाजमा पैसाको धाक देखाएर बडाआदमी बन्ने लोभको भूत चढेका कतिपय दुर्बल हृदयका चरित्रवान कर्मचारीहरू पनि आफ्नो संचयकोष झिकेर हो कि अथवा पैतृक जेथा बेचेर हो कि ती भ्रष्ट कर्मचारीहरू र ती तस्कर व्यापारीहरूको तडकभडक नीतिको अनुकरण गरिरहेका हुन्छन् । सीधासाधा सानाठूला व्यापारीहरू पनि अनुकरणको यस रोगबाट बचन सकेका हुंदैनन् । यसरी भ्रष्ट अनैतिक असामाजिक व्यक्तिहरूले चलाएको तडकभडक नीतिको कुपरंपराबाट हजारौं हजारौं कमजोर हृदयका परिवार रहरले कुमार्ग पक्रेकाछन् र हजारौं हजारौं परिवारहरू किंकर्तव्यविमूढ भएका छन ।यस्तो महाचिन्ताजनक आधुनिक रोगको रूपमा यो तडकभडकनीति ठूलो दायरा(देशको राजधानी, जिल्ला अञ्चलका सदरमुकामहरू) लिएर देशमा संचालित थालेको छ । अझ खास गरी स्कूल क्याम्पसका बिचरा कलिला कुमारीहरूलाई यस्ता सामन्तसंस्कारका तडकभडक नीतिधारीह-रूले ज्यादै नै सन्तापको भुंग्रोमा हालिदिएका हुन्छन् । किनभने उनी-हरूका स्कूल क्याम्पसका साथी धेरै धेरै नै हुने नै भए । ती सबै जसो कु-मारी नै हुन्छन । सबैको बिवाहमा सबै साथीहरूलाई निमन्त्रणा हुने नै भयो । यो स्थितिमा उनीहरूलाई यस्तो सन्ताप पर्न थाल्दछ – अब जाने

कसरी ? घूसखोर कर्मचारीहरू र तस्करव्यापारीहरूका छोरीहरू पनि त्यही जमातभित्र छन् । उनीहरू कस्तो लुगा कस्तो गहना लगाएर जान्छन् दुलहीलाई कस्तो उपहारग छन्, तिनीहरूको अगाडि आफू न त्यसरी त्यस्ता लुगा गहना लगाएर जान सकिन्छ । न त अमूल्य उपहारै लान सकिन्छ । न त आफ्ना अभिभावकहरूले आफ्नो विवाह त्यस्तो ठाँटबाँटसंग गरिदिन सक्ने, आफ्ना सबै साथीहरूलाई बोलाएर खान दिन सक्ने, इज्जत राख्न सक्ने संभावना नै छ । एतावता उनीहरूलाई यो अनुभव हुन्छ कि–अध्ययनार्थ स्कूल क्याम्पस जानु पनि मर्म ! साथीहरू धेरै हुनु र चिन्नु पनि मर्म! सबै मर्मै मर्म! बिचरा ती कुमारीहरू मृतक जस्तो भएर आत्मग्लानिका साथ आफ्ना अभिभावकहरूसंग दारिद्र्यको गुनासो गर्छन् । त्यो सुनेपछि अभिभावकहरू पनि सर्वोपायपरिच्छिन्न एवं किंकर्तव्यविमूढ भएर मृतक समान हुन्छन् –"न टानु ! न मानु !" उनीहरू पनि यही सोच्तछन्–"कस्तो बेहोर्नै नसकिने काल आयो । कतिपय भ्रष्ट व्यक्तिहरूले गर्दा समाजमा कस्तो अशान्ति हुन थाल्यो –सबैले भ्रष्टाचारकै बाटो लिनुपर्‍यो । त्यस्तै बाटो खोज्नुपर्‍यो । समाजले हेर्दा टाउको लुगाउनै पस्नै नहुनेले पनि टाउको लुगाउनुपर्‍यो, पस्नुपर्‍यो । नत्र टिक्न बस्न नसकिने भयो । अब हामी जस्ताले कहाँ जाने, के गर्ने? झन मानिसहरू बढ्ता शिक्षित भए, देशमा विकास हुन थाल्यो भनेको त खोक्रो धाकरवाफ बढेर पो दुनियालाई खान थाल्यो । मनुष्यजन्मको सार्थकता कता ! धिक्कार होस् !

अतः आदर्श समाज–व्यवस्थाका विघातक अवरोधक त्यस्ता मानवाकार सामाजिक रोगका कीटाणुहरूको यस्तो तडकभडक नीतिलाई समाजले,

सर्कारले समयमा नै दृढ़ताका साथ नियन्त्रण गरिहाल्नुपर्दछ । समाजको लागि सदा चिन्ताजनक भएकोले यसलाई सानो रोग संज्ञन हुदैंन । यस्तो रोगलाई समयमा नै नियन्त्रण गर्न नसक्ता नै अहिले छिमेकी देश भारतका लाखौं परिवारहरूले नराम्रोसग त्यसको दुष्परिणामलाई भोगिरहनुपरेको छ । त्यहाँ त यस्तो खाँचनो तडक भडक नोलिको त अब कुरै छैन । यस्को पराकाष्ठापछि उब्जने योभन्दा धेरै माथिको भयङ्कर रोग दाइजोप्रथाको यो जतातर्त आक्रमण छ । दाइजो बोलकबूलबिना त त्यहा छोरीको विवाह हुनै सक्तैन । त्यसमा पनि पूर्व अनुमोदित, पूर्वप्रतिज्ञात दाइजोबाट पनि असन्तुष्ट कति नृशंस, आत्मबिहीन, पिशाचप्र कृतिका पतिहरुले निरपराध आफ्ना साध्वी पत्नीहरूलाई जीवनभर त्याग अवहेलना र यातनाको दण्ड मात्र दिईरहेका छैनन् प्रत्युत पत्नीको शरीरमा पेट्रोल मट्टीतेल खन्याईदिएर आगो सल्काईदिएर अतिह्रदयबिदारक ढङ्ग बाट मारिदिएको (त्यसो भए फेरि अर्कोलाई बिबाह गर्ने र नयां दाइजो लिने चान्स आउन सक्ने भयो) शोचनीय खबर समेत दुर्भाग्यबश अखबारमा पढनु परेको थियो । तडक भडकसंग विवाह गरिदिन नसक्ने र दाइजो दिन आँट गर्न नसक्ने अभिभावकहरु कतिका छोरीहरुले निराश भएर त्यही आत्महत्या गरेका छन् । विवाह आदिमा अपनाइन थालेको यस तडक भडक प्रथाले हाम्रो समाजलाई पनि अत्र नसोचे क्रमशः त्यही सामाजिक दुर्व्यवस्थामा पुऱ्याउनेछ । यसमा शंका छैन । किनभने यो तडकभडकप्रथाको रोग भन्दा माथिल्लो तहको दाइजोप्रथारुपी रोग पनि हाम्रो देशमा छिटै बढ्दै जाने सम्भावनामा नै छ । जब कि हाम्रा तराइका जिल्ला अञ्चल-

का यस्तै तडक भडक प्रथाका समर्थक, प्रवर्तक अतएव धेरै धनसंग्रह-को लागि सदा तयार कतिपय अधिकारप्राप्त ओहदाधारीज्यूहरुबाट पर्सेनी (जनही कति रु. मा हो ?) नेपाली नागरिकताको प्रमाणपत्र बेचेर, दाइजो प्रथाका सहोदर हजारौं विदेशी व्यक्तिहरुलाई देशभित्र आयात गरिन थालेको खबर पनि अखबारमा यदाकदा पढिरहिएको छ। अब संगठनहरुले सरकारलाई उपर्युक्त प्रकारबाट विवाह आदि धाडधाड-मा अनावश्यक खर्चिलो तडकभडक देखाउने र अनावश्यक दाइजो लिने दिने सामाजिक अपराधीहरुलाई २ वर्षको कैद वा ५० हजार जरीमाना वा दुवै सजाय दिन सक्ने कानून बनाउनको लागि (अहिले कानूनमा जे सजाय होस) प्रेरित गर्नुपर्छ र यस कुरीतिको विरुद्ध भावनाको व्यापक सृजनको लागि जनतामा प्रचार गर्नुपर्दछ। यो काम जिल्ला महिला संगठन र युवक संगठनलाई साधन र सहुलियतका साथ सुम्पिनु पर्दछ। उनीहरूले पनि प्रारंभिक समिति सम्मलाई साधन सहुलियतका साथ सक्रिय तुल्याउनुपर्दछ। समाजको स्थायी सुधारको लागि दुई चार करोडसम्म पनि सरकारले खर्च गर्नु पर्दछ। यो कार्यक्रमलाई सफल पार्न जनतामा प्रचार अभियानको आवश्यकता छ। अत: साधन सहुलियतको कमी हुन हुँदैन।

तेस्रो कार्यक्रम:–

(३) यो तेस्रो कार्यक्रम त्यस प्रस्तावको विरोधमा छ, जसलाई परिवारनियोजनसंघले हालसालै छलफलमा ल्याएको छ। त्यो यस निम्ति ज्यादै खतरनाक र ज्यादै भयानक छ कि त्यसले विश्वको अगाडि हाम्रो धर्म र संस्कृतिको परिहास गर्दछ र राष्ट्रनायक स्व. श्री ५ महेन्द्रबाट घोषित हिन्दूराज्यको आदर्श र प्रतिष्ठालाई आर्यघाटमा पुऱ्याएर सेलाइदिन्छ पनि। यसमा कुनै शंका छैन। गर्भपातलाई वैध

बुल्याउने नै त्यस प्रस्तावको स्पष्ट उद्देश्य छ ।

गर्भपात वैध हुनुपर्छ भन्नुको तात्पर्य हो—मातृजाति पुरुष जातिको एक भोग्य वस्तु मात्र हुन् सीता र सावित्रीका कथा हालेर पतिव्रत-धर्मको प्रचार गर्नु केवल स्त्रीजातिलाई फुरल्याएर सदा दासी बनाएर फन्दामा हाल्ने षडयन्त्र गर्नु हो । मातृजाति भनेर यिनको खास महिमा अरु केही छैन । यौन संयोगलाई लिएर को र कोसंग भन्ने प्रश्न गर्नु, नानाथरि बन्देज लगाउनु अप्राकृतिक कुरा हो ।

यस प्रकारसंग मातृजातिको निम्ति हामीले आजसम्म गरिरहेको छ मानमर्यादा र प्रतिष्ठामा ठठेलो लगाउने यस प्रस्तावको विरुद्ध संगठन-हरुले प्रारम्भमै जिल्ला जिल्लामा जुलुस गरेर कन्याली पिटेर जनमत तयार गर्नुपर्छ, ताकि यो प्रस्ताव पारित हुन नसकोस र हिन्दू राज्यको मर्यादा चकनाचूर हुन नपाओस । नसक्ने लहरो तान्दा पहरो थर्कन्छ भनेजस्तो, गर्भपातलाई वैध गरिदिने हो भने कन्याहरुको विवाह गर्दा कन्यादानको विधि अब किन चाहियो ? पवित्र लक्ष्मीरुप सम्झेर यो कन्यादान गर्दा गोडा धोएर जल खाएको, अब त्यो किन चाहियो ? त्यस्ता स्खलित भइसकेका स्त्रीले विवाहित पतिकै सतमा बस्ने व्रत यो किन लिन पऱ्यो ? अनि कहाँ कहाँ के के पर्दै जान्छ, ककसबाट कस्ता कस्ता बच्चा जन्मिएर, हुर्किएलान् तिनको निम्ति हिन्दूजातिका संस्कारका कुरा अब किन चाहिए ? हिन्दूराज्यै किन चाहियो ? अझ त्योभन्दा माथि माथिकै कुरा पनि किन चाहियो ? अत: यो किसिमको सांस्कृतिक सर्वनाशको प्रसंग नआओस् भनेर समाजको सर्वाङ्गीण कल्याणको निमित्त आफ्नो संस्कृतिअनुसारको वैवाहिक आदर्शको संर-

क्षण गर्नुका साथै उपर्युक्त तीन कार्यक्रम सफल पारेर पूजनीय मातृजातिको दु:खदायक निर्यातको मार्ग बन्द गर्न र उनीहरुको सनातन मानमर्यादा एवं प्रतिष्ठाको संरक्षण गर्न केन्द्रीय महिलासंगठन र केन्द्रीय युवक संगठनसंग देशव्यापी सांस्कृतिक संघर्ष गर्नको लागि म विनम्र अनुरोध गर्दछु। श्री ५ को सरकारले ०३३ सालमा यस सुधार विषयमा कानून बनायो। ०४० साल मार्गमा लागू गर्ने उद्घोष गर्‍यो, त्यसपछि सर्वत्र शून्यसान्ध भयो। माघ महीना भरि समाजको तथाकथित भ्रष्ट तत्वहरूले जति विवाह आदी चाडपाड गरे, तिनमा आफ्नो समाजघाती रीति र परम्परानुसार नै गरे। यसैले धेरै कामको बोझ बोकेको सरकारको कदमको आशा नगरेर संगठनले कर्तव्य सम्झेर आफैं अघि बढनु पर्दछ र सम्पूर्ण जनताको पुस्तान पुस्ताको कल्याणको निमित्त आदर्श सामाजिक व्यवस्था कायम गर्न उठाइएको यस संघर्षलाई सफल पार्न हरेक दृष्टि र साधनले श्री ५ को सरकारले पनि संगठनलाई खुला दिलले साथ दिनुपर्दछ। जयतु संस्कृतम्।

उद्घोष:—

१. विश्वको एक मात्र हिन्दूराष्ट्र नेपाल जिन्दावाद !
२. मातृजातिको निर्यात रोक्नु र प्रतिष्ठा राख्नु हाम्रो राष्ट्रिय कर्तव्य हो।
३. १६ वर्ष पुग्ने बित्तिकै छोरीको विवाह गरिहाल
४. विवाहको तडकभडक प्रथा सामाजिक अपराध हो।
५. दाइजोप्रथा सामाजिक कलंक हो।
६. गर्भपातको प्रस्ताव रद्द गर।
७. मातृजातिको निर्यात रोक्नु र प्रतिष्ठा राख्नु हाम्रो राष्ट्रिय कर्तव्य हो।
८. विश्वको एक मात्र हिन्दूराष्ट्र नेपाल जिन्दावाद।

०४० मार्ग २० गते।

 आशुना

क्षण गर्नुका साथै उपर्युक्त तीन कार्यक्रम सफल पारेर पूजनीय मातृजातिको दु:खदायक निर्यातको मार्ग बन्द गर्न र उनीहरुको सनातन मानमर्यादा एवं प्रतिष्ठाको संरक्षण गर्न केन्द्रीय महिलासंगठन र केन्द्रीय युवक संगठनसंग देशव्यापी सांस्कृतिक संघर्ष गर्नको लागि म विनम्र अनुरोध गर्दछु । श्री ५ को सरकारले ०३३ सालमा यस सुधार विषयमा कानून बनायो । ०४० साल मार्गमा लागू गर्ने उद्घोष गर्‍यो, त्यसपछि सर्वत्र शून्यसान्य भयो । माघ महीना भरि समाजको तथाकथित भ्रष्ट तत्वहरूले जति बिवाह आदी चाडबाड गरे, तिनमा आफ्नो समाजघाती रीति र परम्परानुसार नै गरे । यसैले धेरै कामको बोझ बोकेको सरकारको कदमको आशा नगरेर संगठनले कर्तव्य सम्झेर आफै अघि बढनु पर्दछ र सम्पूर्ण जनताको पुस्तान पुस्ताको कल्याणको निमित्त आदर्श सामाजिक व्यवस्था कायम गर्न उठाइएको यस संघर्षलाई सफल पार्न हरेक दृष्टि र साधनले श्री ५ को सरकारले पनि संगठनलाई खुला दिलले साथ दिनुपर्दछ । जयतु संस्कृतम् ।

उद्घोष:—

१. विश्वको एक मात्र हिन्दूराष्ट्र नेपाल जिन्दाबाद !
२. मातृजातिको निर्यात रोक्नु र प्रतिष्ठा राख्नु हाम्रो राष्ट्रिय कर्तव्य हो ।
३. १६ वर्ष पुग्ने बित्तिकै छोरीको बिवाह गरिहाल
४. बिवाहको तडक भडक प्रथा सामाजिक अपराध हो ।
५. दाइजोप्रथा सामाजिक कलंक हो ।
६. गर्भपातको प्रस्ताव रद्द गर ।
७. मातृजातिको निर्यात रोक्नु र प्रतिष्ठा राख्नु हाम्रो राष्ट्रिय कर्तव्य हो ।
८. विश्वको एक मात्र हिन्दूराष्ट्र नेपाल जिन्दाबाद ।

०४० मार्ग २० गते ।

 फागुन